## लोक सेवा आयोग

## नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक

## लिखित परीक्षा

**२०७८।०६।२०**

**पत्र : द्वितीय**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषय : Economics, Management, Banking laws and policies**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। |
|---|

### खण्ड "क" ४० अङ्क

१. ठूलो संख्यामा नेपाली नागरिकहरु रोजगारी खोजीमा विदेशी भूमिमा रहेका छन्। उनिहरूले विप्रेषणको माध्यमबाट भुक्तानी सन्तुलनमा ठूलो योगदान पुऱ्याईरहेको स्थिति छ। तपाईको विचारमा नेपालको बिप्रेषणमा अत्याधिक निर्भरता कति उपयुक्त छ ? दीर्घकालमा बिप्रेषणको विकल्पको रुपमा के गर्नुपर्ला? उल्लेख गर्नुहोस्। (A large number of Nepali citizens are abroad in search of employment. They have been contributing outstandingly to the balance of payment of the country through remittance. In your opinion, how far is it appropriate for Nepal to have excessive dependence on remittance? What should be done for an alternative to remittance in the longrun?)

२. आर्थिक विकास भनेको के हो ? नेपालको आर्थिक विकासमा के-कस्ता चुनौतीहरु रहेका छन् ? वर्णन गर्नुहोस्। (What is economic development? What are the callenges of economic development in Nepal ? Explain.)

३. नेपालको विकासका लागि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एशियाली विकास बैंकको भूमिकाको विवेचना गर्नुहोस्। (Analyze the role of the world Bank, international monetary fund and asian development bank in the development of Nepal.)

४. नेपाल चालू पन्ध्रौ योजनाका राष्ट्रिय उद्देश्य र राष्ट्रिय रणनीतिहरुबारे विवेचना गर्नुहोस्। ४ + ६ = १०
(Describe the national objective and national strategies of the current fifteenth plan of Nepal.)

### खण्ड "ख" ३० अङ्क

५. नेतृत्व भनेको के हो? संगठनमा कार्यरत कर्मचारीलाई नेतृत्वले कसरी कामप्रति उत्प्रेरित गर्न सक्दछ ? वर्णन गर्नुहोस्। (What is leadership ? How can a leader motivate the employees working in an organization? Describe.)

६. संगठनमा संचारको महत्वमाथि प्रकाश पार्नुहोस्। संगठनभित्र हुने संचारका विभिन्न विधिहरु उल्लेख गर्नुहोस्। (Highlight the importance of communication in an organization. Write down the different ways of communication within the organization.)

७. औद्योगिक सम्बन्धको अवधारणाबारे उल्लेख गर्दै व्यवस्थापन र कामदारबीचका विवाद समाधान गर्न सामूहिक सौदावाजीले कसरी सहयोग पुऱ्याउँदछ ? चर्चा गर्नुहोस्। (Mention the concept of industrial relations. Describe how collective bargaining supports to solve the disputes between management and workers.)

### खण्ड "ग" ३० अङ्क

८. नेपालको संविधानबमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धी गरिएको व्यवस्था उल्लेख गर्नुहोस्। साथै नेपालमा संघीय इकाइहरु (संघ, प्रदेश र स्थानीय तह) बीच अन्तरसम्बन्ध कायम गर्न के कस्ता संवैधानिक व्यवस्था गरिएको छ ? विवेचना गर्नुहोस्। (Mention the structure of state and distribution of state power as per the constitution of Nepal. What constitutional provisions are there for maintaining interrelations between federal units (Federation, Province and local level)? Explain.) 4 + 6 = 10

९. विद्यमान नेपाल राष्ट्र बैंक ऐनबमोजिम नेपाल राष्ट्र बैंकको उद्देश्य र कार्यहरु उल्लेख गर्नुहोस्। (Write down the objectives and functions of Nepal Rastra Bank according to the existing Nepal Rastra Bank Act.) १०

१०. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्थाको खारेजी कसरी गर्न सकिन्छ ? उल्लेख गर्नुहोस्। (How can the bank and financial institutions be liquidated as per the banks and financial institutions Act, 2073? Mention.)

□□□